# GANDAKI BIKAS BANK LIMITED
# गण्डकी विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, पोखरा – ४, चिप्लेढुङ्गा (वि.पी. चोक), पोखरा, कास्की
फोनः ०६१–५२८००१/५२८००२, फ्याक्सः ०६१–५२८००३
इमेलः info@gandakibank.com.np वेबसाइटः www.gandakibank.com.np
को

## शेयरधनी महानुभावहरूलाई अत्यन्त जरुरी सूचना

श्री गण्डकी विकास बैंक लिमिटेडको मिति २०७५/०९/२६ गते सम्पन्न ११औं बार्षिक साधारण सभाबाट पारित भएको १४.२० प्रतिशत (कर समेत) नगद लाभाँश मिति २०७५/०९/१० गतेसम्म हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरूको हकमा बैंक खातामा नै जम्मा गरिएको र उक्त मिति पश्चात् बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरूको हकमा समेत नगद लाभांश बैंक खातामा नै जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

यस कम्पनीको शेयर मिति २०७५/०९/१० गते सम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवापत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने ब्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

मिति २०७५/०९/१० गते सम्ममा आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा बैंक खाताको विवरण हुवहु नभई नगद लाभांश प्राप्त नगर्नु भएका शेयरधनीहरूको विवरण यस कम्पनीको शेयर रजिष्ट्रारको वेवसाइट "www.prabhucapital.com" मा राखिएकोले आ–आफ्नो निक्षेप सदस्यमा सम्पर्क गरी विवरण सच्याउन हुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

**बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरु:**

१) बैंक खाता अद्यावधिक गर्दा नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्थाको मात्र चल्ती वा बचत खाता अद्यावधिक गरी शाखा कार्यालय समेत उल्लेख गर्नु पर्ने ।
२) बैंक खाता अद्यावधिक गर्दा सम्बन्धित हितग्राही खातावालाकै नामको बैंक खाता अद्यावधिक गर्नुपर्ने (नाबालकको हकमा नाबालककै नामको बैंक खाता अद्यावधिक गर्नुपर्ने) ।
३) बैंक खाता अद्यावधिक गर्दा बैंक खाताको विवरण हुवहु उल्लेख गर्नु पर्ने ।

साथै हालसम्म पनि शेयर डिम्याट नगर्नु भएका शेयरधनी महानुभावहरूले शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं वा आफुलाई पायक पर्ने प्रभु बैंक लिमिटेडको शाखा कार्यालयहरुमा वा अन्य कुनै निक्षेप सदस्यहरू मार्फत हितग्राही खाता खोली शेयर डिम्याट गरि नगद लाभांश सोझै आफ्नो बैंक खातामा प्राप्त गर्न सकिने जानकारी गराईन्छ ।

बैंक खातामा निजको नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीहरूले नै व्यहोर्नु पर्नेछ । यदि शेयरधनीले उपलब्ध गराएको बैंक खाताको विवरण गलत भई अरूको नाममा लाभांश रकम जम्मा भएमा सोको जिम्मेवार शेयरधनी स्वयम् हुनेछ ।

शेयर रजिष्ट्रारः

**prabhu CAPITAL**

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाण्डौं, नेपाल, फोन नं. : ४२२२९८७, फ्याक्स नं. : ४२२२८०२
Email: info@prabhucapital.com, Url:www.prabhucapital.com